स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

## इलाम

Green Ilam

**पत्र संख्या: ०७७/७८** **१ नं. प्रदेश,नेपाल**

**चलानी नः** २५४४

मितिः २०७७/१०/२८

**विषयः करार शिक्षक नियुक्तिका लागि विज्ञापन प्रकाशन गरिएको ।**

प्रस्तुत विषयमा इलाम नगरपालिकास्थित तपसिलमा उल्लेखित विद्यालयहरुको तपसिलका तह र विषयका शिक्षकहरुको पदपूर्तिका लागि करार शिक्षक/कर्मचारी छनौट नगर समितिको मिति २०७७/१०/२८ गतेको बैठकको निर्णयानुसार **करारमा** शिक्षक नियुक्तिको लागि यो विज्ञापन प्रकाशन गरिएको छ । तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकले **मिति २०७७/११/१२ गतेसम्म कार्यालय समय** भित्र फारम भरी यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ ।

**तपसिलः**

| क्र सं | विज्ञापन नं | विद्यालयको नाम | विषय | तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | १९/०७७/७८ | विणापाणी मावि, इनपा ३ | विज्ञान | माध्यमिक | राहत अनुदान |
| २ | २०/०७७/७८ | विणापाणी मावि, इनपा ३ | गणित विज्ञान | निम्न माध्यमिक | रिक्त दरबन्दी |
| ३ | २१/०७७/७८ | साङरुम्बा मावि, इनपा १२ | गणित विज्ञान | निम्न माध्यमिक | रिक्त दरबन्दी |
| ४ | २२/०७७/७८ | बालमण्डल मावि, इनपा ४ | गणित विज्ञान | निम्न माध्यमिक | रिक्त दरबन्दी |
| ५ | २३/०७७/७८ | सप्तमाई गुरुकुल संस्कृत विद्याश्रम मावि, इनपा ५ | अंग्रेजी | माध्यमिक | शिक्षण सहयोग अनुदान |
| ६ | २४/०७७/७८ | अमरज्योति आवि , इनपा १२ | अंग्रेजी | निम्न माध्यमिक | शिक्षण सहयोग अनुदान |
| ७ | २५/०७७/७८ | महेश्वरा आवि, इनपा ११ | गणित | निम्न माध्यमिक | शिक्षण सहयोग अनुदान |
| ८ | २६/०७७/७८ | वाल्मिकी सिंहदेवी आवि, इनपा ३ | गणित | निम्न माध्यमिक | शिक्षण सहयोग अनुदान |

**आवश्यक न्यूनतम योग्यताः**

१. **माध्यमिक तह विज्ञान र अंग्रेजी विषयका लागि**
   - क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।
   - ख. सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
   - ग. अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

२. **निम्न माध्यमिक तह गणित विज्ञान, गणित र अंग्रेजी विषयका लागि**
   - क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।
   - ख. सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको ।
   - ग. तालिम प्राप्त गरेको ।
   - घ. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

**आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
३. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
४. २ प्रति पासपोर्ट साइजको फोटो

**परीक्षाको किसिमः शिक्षक सेवा आयोगको पाठ्यक्रममा आधारित** लिखित, अन्तर्वार्ता र आवश्यक्तानुसार प्रयोगात्मक । परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशन गरिनेछ ।

**नोटः इच्छुक उमेद्वारले इलाम नगरपालिका राजश्व शाखाबाट रु ५० को फारम लिई भरेर आवश्यक कागजातहरुमा आफैले प्रमाणित गरी शिक्षा युवा तथा खेलकुद शाखामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ ।**

**बोधार्थः**

श्री सूचना प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा प्रकाशन गरिदिनु हुन ।

प्रेमकुमार गौतम
उप सचिव (अधिकृत स्तर दशौं)